## डियरवाक ग्रुप लिमिटेडको

## सञ्चालक पदको निर्वाचन कार्यक्रमको सुचना

मिति २०८१/१०/११ मा सम्पन्न हुने यस कम्पनिको १४ औं वार्षिक साधारण सभामा संस्थापक सेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित ५ (पाँच) जनाको निर्वाचन प्रयोजनको लागि डियरवाक ग्रुप लिमिडेटको सञ्चालक निर्वाचन कार्यविधि निर्देशिका, २०८१ को दफा ९ अनुसार यो निर्वाचन कार्यक्रमको सुचना प्रकाशित गरिएको छ ।

| क.स | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | प्रथम मतदाताको नामावली प्रकाशन | २०८१/१०/०५ | २ बजे | रजिष्टर्ड कार्यालय |
| २ | मतदाता नामावली उपर दाबी विरोध | २०८१/१०/०६ | २ बजे | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८१/१०/०६ | ४ बजे | |
| ४ | उम्मेद्वारको मनोनयन पत्र दर्ता गर्ने | २०८१/१०/०७ | २ बजे | |
| ५ | उम्मेद्वारको प्रथम नामावली प्रकाशन | २०८१/१०/०७ | ५ बजे | |
| ६ | उम्मेद्वारी उपर दावी विरोध | २०८१/१०/०८ | २ बजे | |
| ६ | उम्मेद्वारको नाम फिर्ता लिने | २०८१/१०/०९ | २ बजे | |
| ८ | उमेदवारको अन्तिम नामावली प्रकाशन | २०८१/१०/१० | २ बजे | |
| ९ | मतदान | २०८१/१०/११ | साधारण सभाको एजेण्डा सकिएपछि | |
| १० | मतगणना | २०८१/१०/११ | मतदान पश्चात् | |
| ११ | निर्वाचन परिणामको घोषणा | २०८१/१०/११ | मतगणना पश्चात् | |

द्रष्टव्य :

१. मिति २०८१/१०/११ गते सञ्चालन हुने वार्षिक साधारण सभाको लागि तय गरिएको विषयबस्तुमा छलफल सकिए पश्चात् कम्तीमा आधा घण्टा मतदान गर्नको लागि समय दिइनेछ ।

२. निर्वाचन प्रयोग गरिएको सबै मतपेटिकाहरू प्राप्त भएपछि मतगणना कार्य सुरु हुनेछ ।

३. मतगणना कार्य समाप्त भएपछि निवार्चन परिणाम घोषणा गरिनेछ ।

४. सभामा भाग लिने र मतदान गर्ने एउटै व्यक्ति हुनु पर्नेछ ।

५. सञ्चालक पदमा उमेदवार हुन चाहने सेयरधनी कम्तीमा १०० सेयर लिएको हुनुपर्नेछ । कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली र कम्पनीको निर्वाचन कार्यविधि निर्देशिकाले तोके बमोजिम सञ्चालक हुनको लागि योग्य व्यक्ति हुनुपर्नेछ ।

६. सञ्चालक पदमा उम्मेदवार हुन चाहने सेयरधनीले निवार्चन कार्यक्रममा तोकिएको समयमा तोकिएको ढाँचामा उम्मेदवारीको दरखास्तमा आफ्नो समुहको एकजना सेयरधनी प्रस्तावक र सो समुहको एकजना सेयरधनी समर्थक सहित उम्मेदवारी दर्ता गर्नुपर्नेछ । उम्मेदवारी फिर्ता लिन चाहेमा तोकिएको समयमा लिन सकिनेछ ।

७. उमेदवारले आफ्नो उमेद्वारको मनोनयन पत्रसाथ रकम रु.२,५००/- दुई हजार पाँच सय फिर्ता नहुनेगरि दाखिला गर्नुपर्नेछ ।

८. यो निर्वाचन सम्बन्धी कार्यक्रम सेयरधनीको जानकारीको लागि कम्पनीको सुचना पाटी तथा वेभ-साईटमा समेत राखिएको छ ।

मिति २०८१/१०/०४

कम्पनी छाप

Deerwalk Group Ltd. Kathmandu

..............

अधिवक्ता लक्ष्मी धिताल

निर्वाचन अधिकृत

निर्वाचन अधिकृत